आज मिति २०८१/१२/२९ गते शुक्रबारका दिनं त्रियुगा नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार बस्नेतज्यूको अध्यक्षतामा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा त्रियुगा नगरपालिका नगरकार्यपालिकाको ४४ औं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो। बैठक संख्याः ४४

उपस्थिति

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बसन्त कुमार बस्नेत | नगर प्रमुख | |
| २ | श्री महेश्वरी राई | नगर उपप्रमुख | |
| ३ | श्री कुमार प्रसाद कोइराला | सदस्य सचिव | |
| | कार्यपालिका सदस्यहरू | | |
| ४ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री घमान सिह खत्री | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री तिलक बहादुर कटुवाल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री बद्री बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उद्धब कुमार थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री योगेन्द्र बहादुर दाहाल | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री अमर बहादुर दनुवार | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री राज कुमार राउत | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री राज कुमार दनुवार | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री किरण पाण्डे | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | श्री सुमन्त कोइराला | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री नविन कुमार वान्तवा राई | वडा अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री नविन कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री हिम राज मगर | वडा अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री गणेश प्रसाद तिम्सीना | वडा अध्यक्ष वडा नं. १५ | |
| १९ | श्री मान बहादुर राई | वडा अध्यक्ष वडा नं. १६ | |
| २० | श्री बिमल राई | कार्यपालिका सदस्य | |
| २१ | श्री डिल्ली सेर राई | कार्यपालिका सदस्य | |
| २२ | श्री बलदेब बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री गीता कुमारी उप्रेती | कार्यपालिका सदस्य | |
| २४ | श्री रेखा थापा मगर | कार्यपालिका सदस्य | |
| २५ | श्री रेणुका श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २६ | श्री सुनिता गजमेर | कार्यपालिका सदस्य | |
| २७ | श्री कुन्ती परियार | कार्यपालिका सदस्य | |

निर्णय नं. ७६९

नेपाल सरकार, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको उद्यमशीलता तथा सीप विकास तालिम प्रविधि सहयोग कार्यक्रमको रकम २५,००,००० (अक्षेरेपी) पच्चिस लाख रूपैयाँ मात्र।) लाई तपसिल बमोजिमको शीर्षक तथा उपशीर्षकमा खण्डीकरण गरी विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १. | सीप विकास तालिम | १३००००१ | |
| १.१ | स्तरोन्नती ब्यूटी पार्लर तालिम | ५००००० | |
| १.२ | आधारभूत सिलाई कटाई तालिम | ५००००० | |
| १.३ | खाडी तथा ढाका बुनाई तालिम | ३००००० | |
| २. | प्रविधि सहयोग कार्यक्रम | १२००००० | |
| | जम्मा रकम | २५००००० | |

निर्णय नं. ७७०

त्रियुगा विकास बोर्ड ऐन, २०८१ को दफा ११ मा बोर्डका पदाधिकारीहरूको पारिश्रमिक र सेवाका नगर कार्यपालिकाको निर्णयानुसार हुने व्यवस्था भए बमोजिम पदाधिकारीहरूको कोशी प्रदेशको "गाउँ तथा नगर सभाको सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५" लाई आधार मानी देहाय बमोजिम हुने गरी बोर्डका पदाधिकारीहरू, सदस्य सचिव र कर्मचारीहरूको सेवा सुविधा तथा बैठक भत्ता तोक्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | सुविधाको प्रकार | इकाई | बोर्डका पदाधिकारी | सदस्य सचिव | कर्मचारी (अधिकृतस्तर) | कर्मचारी (सहायकस्तर) |
|---|---|---|---|---|---|---|
| १. | बैठकभत्ता (प्रति बैठक) | रू. | १००० | १००० | १००० | १००० |
| २. | स्वेदेश भ्रमण भत्ता (प्रतिदिन) | रू. | १८०० | १६०० | १६०० | १२०० |
| ३. | टेलिफोन/मोबाईल (मासिक) | रू. | - | - | १००० | १००० |
| ४. | यातायात खर्च | रू. | प्रचलित भाडादरमा आधारित भई आधिकारीक टिकट पेश भए बमोजिम। | | | |

निर्णय नं. ७७१

पिपल चौक देखि गाईघाट दित्तेल सडक सम्म कालोपत्रे सडक मर्मत कार्य गर्न त्रियुगा नगरपालिका र परफेक्ट कन्स्ट्रक्सन इमाडोल, ६ ललितपुरबिच भएको ठेक्का नं. 43/TM/NCB/UDA/BT/2077/78) सम्झौता बमोजिमको गुणस्तर र परिमाण कार्य भएको नापजाँच गरी प्रतिवेदन पेश गर्ने गरी जनप्रतिनिधि र प्राविधिक कर्मचारीहरू सम्मिलित देहाय बमोजिम अनुगमन समिति गठन गर्ने निर्णय गरियो:

देहाय

| क्र.स. | समिति/शाखा | नामथर | समितिको पदाधिकारी |
|---|---|---|---|
| १. | पूर्वाधार विकास समिति-संयोजक | श्री राजकुमार दनुवार | संयोजक |
| २. | वडा अध्यक्ष, वडा नं. १० | श्री किरण पाण्डे | सदस्य |
| ३. | वडा अध्यक्ष, वडा नं. ११ | श्री सुमन्त कोइराला | सदस्य |
| ४. | वडा अध्यक्ष, वडा नं. १२ | श्री नबिन कुमार बान्तवा राई | सदस्य |
| ५. | योजना शाखा प्रमुख | ई. श्री गुञ्जन कार्की | सदस्य |
| ६. | शहरी पूर्वाधार विकास शाखा | ई. श्री निर्मल कुमार विश्वास चौधरी | सदस्य |
| ७. | शहरी पूर्वाधार विकास शाखा | ई. श्री शैलेन्द्र कुमार मण्डल | सदस्य |
| ८. | प्रशासन शाखा प्रमुख | श्री जनक प्रसाद ढुंगाना | सदस्य |
| ९. | शहरी पूर्वाधार विकास शाखा | श्री टिकाराम गुरागाई | सदस्य सचिव |

निर्णय नं. ७७२

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७६/१०/१२ मा स्वीकृत शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन)कार्यविधि २०७६(संशोधनसहित) साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्र च.नं. २३६ मिति२०७९/११/२८ को पत्रानुसार र दरबन्दी मिलान समितिको मिति २०८१/१२/१३ गतेको बैठकले सिफारिस गरेको दरबन्दी मिलानको मापदण्ड र आधारहरु स्वीकृत गरि दरबन्दी मिलान समितिले सिफारिस गरे बमोजिम शिक्षा समितिले निर्णय ग़रेको देहाय बमोजिमको दरबन्दि मिलानलाई यस कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

देहाय

१.मा.बि.मोतिगडा दिनेश थापालाई(नेपाली) मा:बि चुहाडे र चुहाडे बाट निर्मला कार्कीलाई(नेपाली) मोतिगाडा पदस्थापन गर्ने

२.राम जानकी मा.बि.मोतिगडा बाट देवानन्द चौधरीलाई(गणित) रास्ट्रिय मा.बि.बगाहा र तहा कार्यरत यशोदा बस्नेतलाई(बिज्ञान) राम जानकी मा.बि मोतिगडामा पदस्थापना गर्ने ||

३.जनक मा.बि खैजनापुर बाट लक्ष्मी बास्तोला (सामाजिक) राम जानकी मा.बि मोतिगाडा र तहा कार्यरत काशीराज कार्कीलाई (सामाजिक) आ.बि मोतियाही पदस्थापन गर्ने |

४.जनता मा.बि जोगीदह बाट सुमित्रा चौधरीलाई(नेपाली) राम जानकी मा.बि मोतिगडा र तहा कार्यरत खिलानाथ धमलालाई(नेपाली) मा.बि साउने पदस्थापन गर्ने |

५.मा.बि साउने बाट श्याम कार्कीलाई जनता मा.बि जोगीदह पदस्थापन गर्ने र मा.बि साउने बाट जानुका ठकुरीलाई राम जानकी मा.बि मोतिगडा पदस्थापना गर्ने

६.रामजानकी मा.बि मोतिगाडा बाट नबराज निरौलालाई(गणित) आ.बि मोतियाही र तहा बाट बिजय तुलाधर(सामाजिक) आ.बि बागचौरी पदस्थापना गर्ने |

७.राम जानकी मा.बि मोतिगाडा बाट शत्रुधन चौधरीलाई मा.बि श्रीपुर र तहा कार्यरत राधिका राउत लाई मा.बि मोतिगाडा पदस्थापन गर्ने र मोतिगाडा बाट युबराज दाहाललाई जरेप बगाहा र तहाको पंकज खोनम थारु मा.बि दमौती र दमौती बाट देबी प्रधान लाई मोतिगाडा कायम गर्ने ।

८ राम जानकी मोतिगडा बाट प्रेम कुमार बस्नेत लाई मा.बि राजाबास र तहाको बिध्या भट्टराई लाई जरेपा बगाहा र तहको बिजया बस्नेतलाई मोतिगाडा पदस्थापन गर्ने ।

९ आ.बि शिबशक्तिबाट कमलादेबि भट्टराई मा.बि बगाहा र बगाहाबाट डम्बर कुमारी कटुवाललाई आ.बि शिबशक्तिमा पदस्थापना गर्ने ।

१०आ.बि.मोहनपुरबाट राम प्रसाद ढुंगाना बागचौरी र आ.बि.बागचौरीबाट अप्सरा खडकालाई आ.बि.शाहिखोला र तहाको चित्रा थापालाई राजाबास र राजाबासबाट शोभा राउत कार्कीलाई आ.बि. मोहनपुर पदस्थापना गर्ने

११.घनचक्रेको रिक्त राहत प्रा.बि जनप्रेमी आ.बि.पुरानो गाइघाट कायम गर्ने र पुरानो गाईघाटको दरबन्दी रिक्त भएपछी घनचक्रे कायम गर्ने ।

१२.आ.बि होक्से बाट प्रा.शि. करुणा रानालाई मा.बि.कौवाई र कौवाईबाट प्रा.शि आनन्द दाहाललाई दमौती र दमौती बाट सबिता थापालाई आ.बि.होक्से पदस्थापना गर्ने ।

१३.शिब शक्ति आ.बि.बगाहाको श्रावण मा रिक्त हुने दरबन्दी मा.बि चुहाड़े कायम गरि मा.बि.पात्लेबास बाट कुवेर कार्कीलाई चुहाड़े पदस्थापना गर्ने र मा.बि.चुहाडेको कनिष्टलाई आ.बि शिब सक्ति पदस्थापना गर्ने र रिक्त पात्लेबास कायम गर्ने।

१४.मा.बि.बाल मन्दिर बाट प्रा.शि.चम्पा पौडेललाई आ.बि.गैरुनर गैरुनको दुर्गानन्द चौधरीलाई मा.बि.बालमन्दिर पदस्थापन गर्ने ।

१५.आ.बि शाहीखोलाबाट प्रा.शि कमल पोखेरेललाई मा.बि चुहाडे र चुहाडेबाट प्रा.शि सुनिता चौधरीलाई आ.बि.शाहिखोला पदस्थापना

१६.मा.बि बगाहा को प्रा .शि गोमा बराल मा.बि.भुल्के र मा.बि भुल्केको शुशिला तामांग राष्ट्रिय मा.बि .बगाहा पदस्थापना गर्ने ।

१७.मा.बि.दमौती बाट मा.शि.रामानन्द चौधरी (गणित)श्रीपुर र श्रीपुर बाट चतुर नारायण चौधरी (गणित)मा.बि देउरी पदस्थापना गर्ने र

१८श्रीपुर बाट नारायण सिंह ठुकुरी (नेपाली)मा.बि .लक्ष्मीपुर पदस्थापना गर्ने र लक्ष्मीपुर बाट अन्कुल थापालाई मा.बि .साउने पदस्थापना गर्ने मा.बि मोतिगाडा बाट पुण्य कार्कीलाई (सामाजिक) मा.बि श्रीपुर पदस्थापना गर्ने

१९.मा.बि .देउरी बाट शम्भु चौधरी(बिज्ञान) मा.बि जोगीदह र जोगीदह बाट मिन प्रसाद कोइराला (सामाजिक)लक्ष्मीपुर र मा.बि बगाहा बाट अन्जु खतिवडा (अंग्रेजी)बाल मन्दिर पदस्थापना गर्ने र रिक्त सामाजिक रास्ट्रीय मा.बि बगाहा कायम गर्ने

२०.मा.बि गाईघाटको बिदुर खड्का बाल मन्दिर र मा.बि राजबास बाट कृष्ण खतिवडालाई मा.बि गाईघाट र मा.बि लक्ष्मीपुर बाट मैना पौडेल मा.बि राजाबास पदस्थापना गर्ने

२१.बाल मन्दिर मा.बि को जंग बहादुर खडकालाई (अंग्रेजी)मा.बि. पुर्बटोल जोगीदह र पुर्बटोल जोगीदह बाट इश्वरी खत्रीलाई(अंग्रेजी) मा.बि.राजाबास र राजबास बाट राज किशोर चौधरी(अंग्रेजी) लाई मा.बि दमौती पदस्थापना गर्ने ।

२२.आ.बि धौरी सरस्वति बाट निर बहादुर कार्कीलाई आ.बि ब्यन्ग्रिमा थप गरि पदस्थापना गर्ने ।

१

२३ .राम जानकी मा.वि मोतिगाडा बाट राम संकर राजधामी लाई बाल मन्दिर मा.वि बोक्से र बोक्सेको नारायण थापालाई सत्येदेवी मा.बि भुल्के र भुल्केको सम्झना राउत लाई मा.वि मोतिगडा पदस्थापना गर्ने ।

२४ .मा.वि मोतिगडाबाट तुलसी चौधरीलाई(गणित/विज्ञान) बाल मन्दिर र बालमन्दिरबाट सितादेवी निरौलालाई (गणित)मोतिगडा पदस्थापना गर्ने ।

२५ .खाटमन्दिर आ.बि बागचौरी बाट राम प्रसाद दनुवार(गणित) मा.वि चुहाडे र चुहाडेबाट राजेन्द्र बस्नेत मा.वि गाईघाट र गाईघाट बाट कर्ण मगर (सामाजिक) विषय मिलान मा.वि बगाहा

२६ .मा.वि देउरी बाट पूर्ण बाहादुर बि.क लाई मा.बि कौवाई र कौवाई बाट सन्तोष दाहाल (सामाजिक)चुहाडे र चुहाडे बाट लक्ष्मी कट्टेल (सामाजिक)श्रीपुर र श्रीपुर बाट सावित्रा राई मा.वि.देउरी

२७ .आ.बि छाम्लिंग बाट ममता पौडेल लाई मनमोहन आ.वि रमाइलो पदस्थापना गर्ने र मनमोहन आ.वि.रमाइलो डाडाबाट रिक्त दरबन्दी आ.बि असारी कायम गर्ने रिक्त हुने दरबन्दी आ.बि छाम्लिंग कायम गर्ने ।

२८ .मा.वि.धाप्लांग बाट गीता खड्का(अंग्रेजी) लाई मा.बि लक्ष्मीपुर पदस्थापना गर्ने र पहिलो रिक्त हुने दरबन्दी मा.बि. धाप्लांग कायम गर्ने । विषय मिलान

२९ .मा.बि .रानीबासको नि.मा.शि सुरेश गुप्ता (गणित /विज्ञान)लाई मा.वि राजबासको नि.मा.शि रिक्तमा पदस्थापना गर्ने

३०.मा.वि भुल्के बाट प्रा.शि मुना लायोलाई मा.बि.श्रीपुर र श्रीपुर बाट प्रशेशराज गिरीलाई मा.वि.भुल्केमा पदस्थापना गर्ने

३१.आ.बि. ब्यन्ग्री बाट सीतामाया तामांग (प्रा.शि)लाई आ.वि बागचौरी पदस्थापना गरि आ.बि बागचौरिको रिक्त हुने (प्रा.शि) दरबन्दी आ.बि ब्यन्ग्री कायम गर्ने .

३२.जनज्योति मा.वि चुहाडेको धर्मानन्द खतिवडालाई रास्ट्रिय मा.बि.बगाहा र मा.बि बगाहाबाट यादव वस्नेतलाई जनज्योति मा.बि चुहाडे पदस्थापना गर्ने

३३.जनप्रेमी आ.वि पुरानो गाईघाटको रिक्त भएपछिको दरबन्दी मा.बि धाप्लांग कायम गरि मा.वि धाप्लांग बाट .प्रा .शि सावित्रा श्रेष्ठ आ.बि सान्छोलोनिंग गुम्बा पदस्थापना गर्ने ।

३४ .मा.वि धाप्लांग बाट डाल कुमारी राई मा.वि साउने र मा.बि साउने बाट अर्जुन कुमार बस्नेत सान्छोलिंग गुम्बा आ.बि सान्गछोलिंग बाट देव चरण राईलाई मा.बि धाप्लांग पदस्थापना गर्ने ।

३५.आ.वि जाते सिद्रे बाट प्रा.शि हेमादेवी मगरलाई सहकाली आ.बि टोड्के पदस्थापना गर्ने र आ.बि टोड्के बाट प्रा.शि.सरस्वति भट्टराई मा.वि .साउने मा.बि चिलाउने बाट प्रा.शि इश्वर बलम्पाकी मगरलाई आ.वि जाते सिद्रे पदस्थापना गर्ने र आ.बि बहेर्बा बाट रिक्त हुने पहिलो प्रा.शि दरबन्दी मा.बि चिलाउने भन्ज्याङ्ग लाई उपलब्ध गराउने

निर्णय नं. ७७३

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरण स्थानीय तह आ.व. २०८१/०८२ का लागि वहुउद्देश्यीय सहकारी संस्थामा आवद्ध महिलाहरूलाई सीप विकास मूलक कार्यक्रम (वडा नं. ११,१२ र १३) का लागि एकमुष्ट रू. १०,००,०००/-|(अक्षेरपी दश लाख रूपैयाँ मात्र।) सीप विकास तालिम सञ्चालनका लागि तपसिलका शीर्षकहरूमा खण्डीकरण गरी विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १. | आधारभूत सिलाई कटाई तालिम | ४३२९५० | मध्यम अवधि |
| २. | क्रिष्टल चुरापोते बनाउने तालिम | १९४६६० | छोटो अवधि |
| ३. | दालमोठ भूजिया दुनोट बनाउने तालिम | ८१२०० | छोटो अवधि |
| ४. | सहायक ब्यूटिसियन तालिम | २७८८१० | मध्यम अवधि |
| ५. | तालिम आवश्यकता मूल्याङ्कन/अध्ययन | १२३८० | |
| जम्मा | | १०,००,००० | |

निर्णय नं. ७७४

यस त्रियुगा नगरपालिका अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको यस त्रियुगा नगरपालिका भन्दा अन्यत्र बसोबास गर्ने र अन्यत्र बसोबास भई नगरपालिका क्षेत्रभित्र जग्गा भएका व्यक्तिहरुको विवरणको दर्ता प्रक्रियाको लागि नेपाल सरकारको "भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१" मा व्यवस्था भए बमोजिम अव्यवस्थित बसोबासीको निवेदन अनुसार कार्यविधिको अनुसूची ६ (क) बमोजिम अन्तरपालिका सिफारिस गरी जग्गा दर्ता प्रक्रियालाई आवश्यक सहजीकरण गरी स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ७७५

आ.व. २०८१/०८२ मा त्रियुगा नगरपालिका पूर्ण खोप सुनिश्चितता एवम् दिगोपना प्रमाणिकरणका लागि त्रियुगा नगरपालिकाका वडा नं. ३, ९, १२, १४ र १५ मा नगरस्तरीय खोप समन्वय समितिबाट अनुगमन-सर्वेक्षण गर्ने निर्णय गरियो।

निर्णय नं. ७७६

त्रियुगा नगरपालिका, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र करूणा फाउण्डेशनको त्रिपक्षीय साझेदारीमा त्रियुगा नगरपालिकामा आ.व. २०८२/०८३ मा सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमका लागि प्रस्तावित कार्यक्रम तथा बजेट यस कार्यपालिकाबाट सर्वसम्मतले स्वीकृत गरी सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा पठाउने निर्णय गरियो।

अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम

त्रियुगानगरपालिकाको आ.व. २०८२/०८३ का लागि प्रस्तावित कार्यक्रम तथा बजेट

| कोड | क्रियाकलापहरु | इकाई | प्रस्तवनाका आधारमा आ.ब. २०८२/०८३ को योजना | | आ.व. २०८२/०८३ को समायोजित योजना | |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट (रु.) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | परिणाम १: नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य जाचँ मार्फत भविष्यमा हुनसक्ने अपाङ्गताको जोखिम न्यूनीकरण गर्ने | | | | | |
| 1.1 | नतिजा १.१: नवजात शिशुको जाँचमा बृद्धि | | | | | |
| 1.1.1 | नव दम्पतीलाई वितरण गरिने शुभकामना कार्ड छपाई तथा वितरण | दम्पती | 1084 | 54200 | 801 | 40050 |
| 1.1.2 | नवजात शिशुमा हुनसक्ने जन्मदोष (birth defects) र बालबालिकाहरूमा हुनसक्ने अपाङ्गताको शीघ्र पहिचान तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण | पटक | 0 | 0 | 2 | 188500 |
| 1.1.3 | जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड | नवजात शिशु | 2058 | 308700 | 1328 | 199200 |
| 1.1.4 | जन्म दोष पहिचान भएका नवजात शिशुको उपचार | नवजात शिशु | 14 | 350000 | 8 | 120000 |
| 1.1.5 | फोलिक एसिड चक्कीको प्रभावकारी वितरणका लागि पैरवी | दम्पती/ गर्भवती महिला | 2288 | 0 | 2245 | 0 |
| 1.1.6 | फोलिक एसिड चक्की सम्वन्धी अभिमुखीकरण | पटक | 0 | 0 | 96 | 210000 |
| 1.2 | नतिजा १.२: बाल स्वास्थ्यमा सुधार | | | | | |
| 1.2.1 | विद्यालय स्वास्थ्य परीक्षणका लागि स्वास्थ्यकर्मी, विद्यालय नर्सलाई तालिम | पटक | 0 | 0 | 0 | 0 |
| 1.2.3 | विद्यालयमा अध्ययनरत बालबालिकाहरूको कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा रेकर्ड | बालबालिका | 0 | 0 | 1486 | 74300 |
| 1.2.4 | अपाङ्गता रोकथामका लागि प्रेषण सेवा | व्यक्ति | 32 | 80000 | 14 | 28000 |
| 1.2.5 | जन्मेको २८ दिनदेखि ५ वर्ष मुनीका बालबालिकाहरूमा हुनसक्ने जन्मदोष/अपाङ्गताको शीघ्र पहिचान र व्यवस्थापन | पटक | 0 | 0 | 0 | 0 |
| | परिणाम २: अपाङ्गता भएका व्यक्तिहरुको जीवनको गुणस्तरमा सुधार | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.1 | नतिजा २.१: अपाङ्गता भएका व्यक्तिहरुको सूचना अद्यावधिक एवं व्यवस्थापन | | | | | |
| 2.1.2 | अपाङ्गता भएका व्यक्तिहरुको विशेषज्ञ चिकित्सक/प्राविधिकद्वारा प्रारम्भिक जाँच तथा आवश्यकता पहिचान शिविर | पटक | 0 | 169500 | 1 | 284600 |
| 2.1.3 | प्रोफायल तथा पुनःस्थापना योजना तयारी र अद्यावधिक गर्ने | व्यक्ति | 1860 | 93000 | 1854 | 92700 |
| 2.2 | नतिजा २.२: अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यमा सुधार | | | | | |
| 2.2.1 | गृहभेट | पटक | 1260 | 0 | 1685 | 0 |
| 2.2.2 | आधारभूत फिजियोथेरापी सामग्री खरिद (सि.वि.आर. सहजकर्ताका लागि) | पटक | 0 | 0 | 0 | 0 |
| 2.2.3 | आधारभूत फिजियोथेरापी सेवा प्रदान | व्यक्ति | 186 | 0 | 96 | 0 |
| 2.2.4 | स्वास्थ्य उपचार सहयोग | व्यक्ति | 74 | 740000 | 50 | 500000 |
| 2.2.5 | सहयोगी सामग्री सहयोग | व्यक्ति | 74 | 1110000 | 117 | 1170000 |
| 2.2.6 | हेरचाह गर्ने व्यक्तिलाई सीप तालिम | पटक | 2 | 148000 | 0 | 0 |
| 2.3 | नतिजा २.३: शिक्षामा पहुँच बृद्धि | | | | | |
| 2.3.1 | विद्यालय भर्ना कार्यक्रम | व्यक्ति | 33 | 98000 | 16 | 48000 |
| 2.3.2 | समावेशी शिक्षाका लागि शिक्षक र व्यवस्थापन समितिहरुलाई तालिम | पटक | 0 | 0 | 0 | 0 |
| 2.3.3 | अपाङ्गता भएका बालबालिकाहरुका लागि घरमा आधारित शिक्षा | व्यक्ति | 33 | 214500 | 20 | 190000 |
| 2.3.4 | स्रोत कक्षा सुध्रिढिकरण | पटक | 0 | 0 | 5 | 50000 |
| 2.4 | नतिजा २.४: अपाङ्गता भएका व्यक्तिका पारिवारको जीविकोपार्जनमा सुधार | | | | | |
| 2.4.1 | सीपमूलक र व्यवसायिक तालिम तथा नवप्रवर्तन/व्यावसाय विस्तार सहयोग | व्यक्ति | 56 | 840000 | 32 | 800000 |
| 2.4.2 | बीउ पूँजी सहयोग | समूह | 0 | 0 | 0 | 0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.4.3 | पास बुक, रजिष्टर र भरपाई लगायतका फारामहरू छपाई | वटा | 1924 | 112200 | 0 | 0 |
| 2.4.4 | अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्रमा पहुँच | व्यक्ति | 6 | 100800 | 16 | 41600 |
| 2.5 | नतिजा २.५: सामाजिक क्रियाकलापमा पहुँच वृद्धि | | | | | |
| 2.5.1 | सामाजिक सहभागिता वृद्धिका लागि कार्यक्रम सञ्चालन (क्रियाकलाप वडा र मिलिजुली समूहले तय गर्ने) | पटक | 16 | 160000 | 16 | 160000 |
| 2.5.2 | अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस | वडा | 16 | 80000 | 16 | 80000 |
| 2.5.3 | दौतरी शिक्षा अभिमुखीकरण | पटक | 7 | 38500 | 7 | 42875 |
| 2.6 | नतिजा २.६: अपाङ्गता भएका व्यक्ति र परिवारको सशक्तिकरण | | | | | |
| 2.6.1 | अपाङ्गता भएका व्यक्ति वा उनीहरुका अभिभावकहरुको मिलिजुली समूहको गठन | वटा | 0 | 0 | 0 | 0 |
| 2.6.2 | मिलिजुली समूहको बैठक | पटक | 192 | 489600 | 192 | 921600 |
| 2.6.3 | अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय संस्था गठन | पटक | 0 | 0 | 0 | 0 |
| 2.6.4 | अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पि.डि) सुदृढीकरण तथा अपाङ्गता सशक्तीकरण कार्यक्रम सञ्चालन | पटक | 1 | 200000 | 1 | 200000 |
| 2.6.5 | मिलिजुली समूहको लागि वचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम | पटक | 2 | 193100 | 2 | 162700 |
| 2.6.6 | ओ. पि. डी. को क्षमता अभिवृद्धि तालिम | पटक | 1 | 109900 | 0 | 0 |
| 3 | स्थानीय तहहरुमा अपाङ्गता रोकथाम तथा पुनःस्थापनाका लागि कार्यरत संरचनाहरुको सवलीकरणमा सहयोग | | | | | |
| 3.1 | नतिजा ३.१: क्षमता अभिबृद्धिमा सहयोग | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3.1.5 | पालिका स्तरीय समीक्षा बैठक, सामाजिक लेखाजोखा तथा वार्षिक योजना निर्माण कार्यशाला | पटक | 1 | 86550 | 1 | 68500 |
| 3.1.6 | पालिका स्तरीय अर्धवार्षिक समीक्षा बैठक | पटक | 1 | 86550 | 1 | 68500 |
| 3.2 | नतिजा ३.२: प्रशासन तथा व्यवस्थापन सुदृढीकरणमा सहयोग | | | | | |
| 3.2.3 | सिविआर सहजकर्ता, कार्यक्रम सम्पर्क व्यक्तिहरू र ओ.पि.डी. प्रतिनिधिको मासिक बैठक | महिना | 12 | 156000 | 12 | 184800 |
| 3.2.4 | विभिन्न किसिमका फारम छपाई | एकमुष्ठ | 1859.9 | 185990 | 0 | 0 |
| 3.2.5 | समुदायमा आधारित पुनःस्थापना सहजकर्ताको पारिश्रमिक | सि.वि.आर.एफ. x महिना | 91 | 2502500 | 91 | 2502500 |
| 3.२.६ | सिविआर सहजकर्ताका लागि ल्यापटप तथा मोवाइल खरिद / मर्मत खर्च | सि.वि.आर.एफ. | 0 | 0 | 0 | 0 |
| 3.२.७ | सिविआर सहजकर्ताको यातायात तथा प्रशासनिक खर्च | सि.वि.आर.एफ. x महिना | 84 | 210000 | 84 | 210000 |
| 3.2.8 | समन्वय समितिको बैठक | महिना | 0 | 0 | 12 | 180000 |
| 3.2.9 | अपाङ्गता सहायता कक्ष स्थापना तथा सञ्चालन | महिना | 13 | 357500 | 13 | 286000 |
| 3.2.10 | अनुगमन तथा मूल्याङ्कन | पटक | 4 | 60000 | 4 | 48000 |
| 3.2.11 | अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा नगर स्तरिय सचेतना तथा अन्तर्किया कार्यक्रम | वडा | 0 | 0 | 1 | 40000 |
| 3.2.15 | जलवायु परिवर्तन लगायतका कारण प्राकृतिक विपत्तिमा परेका अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोग | पटक | 0 | 0 | 2 | 30000 |
| 3.2.16 | समुदायमा अपाङ्गता सम्वन्धि अभिमुखीकरण | 0 | 0 | 0 | 0 | 0 |
| 3.2.17 | मानसिक स्वास्थ्य सम्वन्धि तालिम | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3.2.18 | मिलिजुली समुहको दिगोपना तथा आर्थिक कारोबारको बैधता (अनुपालन) का लागि उत्पादनमुखी सहकारी संस्था गठन तथा परिचालन | 0 | 0 | 0 | 1 | 206800 |
| | रोकथाम - जम्मा लागत | | | 792,900 | | 860,050 |
| | पुनःस्थापना - जम्मा लागत | | | 4,897,100 | | 4,744,075 |
| | संरचनाहरुको सवलिकरणमा सहयोग - जम्मा लागत | | | 3,645,090 | | 3,825,100 |
| | कार्यक्रमको कुल लागत | | | **9,335,090** | | **9,429,225** |
| | पालिकाको लगानी | | | 3624748 | | 3,597,484 |
| | प्रदेश सरकारको लगानी | | | 3624748 | | 3,597,484 |
| | करुणा फाउण्डेसन नेपालको लगानी | | | 2085595 | | 2,234,259 |

विविध १

चालु आर्थिक वर्ष २०८१/०८२ मा आर्थिक सहायता शीर्षकमा विनियोजित रकमतर्फ रू. १४,९१,००० (अक्षरेपी चौध लाख एकानब्बे हजार रूपैयाँ मात्र।)को आर्थिक सहायता विवरण कार्यपालिकामा छलफल गरी सो रकम अनुमोदन गर्ने निर्णय गरियो।

विविध २

त्रियुगा विकास बोर्डको प्राकृतिक स्रोत, साधन, खानी तथा जैविक विविधताको ज्ञान भएको विज्ञ सदस्यको रूपमा खानी भूगर्भ विज्ञलाई बोर्डको सदस्यको रूपमा मनोनयन गर्ने निर्णय गरियो।

विविध ३

त्रियुगा नगरपालिका नगरपालिकाको आ.व. २०७४/०७५ देखि आ.व. २०८०/०८१ सम्मको लेखापरीक्षणाबट कायम भएको बेरूजु र बेरूजु फर्छ्यौट कार्यको प्रगति विवरण बैठकमा पेश भई छलफल गरियो।

विविध ४

त्रियुगा नगरपालिका-१० बोक्सेमा रहेको खसी बजारमा व्यापार व्यावसायी गर्दै आईरहेका व्यावसायीहरूलाई उत्तर मोहडातर्फ आफ्नै लगानीमा शटर-टहरा निर्माण गरी देहाय बमोजिम त्रियुगा नगरपालिकाले मासिक शुल्क तोक्ने निर्णय गरियो। साथै सोहि ठाउँमा व्यापार व्यवसाय गरिरहनुभएका व्यवसायीहरूलाई यथाशीघ्र पुनःस्थापना गर्ने निर्णय गरियो।

देहाय

| क्र.स. | जमिन (वर्ग फिटमा) | शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| १ | १०×१२ | ७०० | |
| २ | १०×१२ | १०००/- | कालोपत्रे सडक छेउमा रहेका शटर |

विविध ५

त्रियुगा नगरपालिकाको वडा नं. ११ को पिपलबोटबाट करमगाछी सडक निर्माणधीन रहेको छ। उक्त सडक खण्ड अन्तर्गत काफ्लेटोल-ढिम्की सडक खण्डमा रहेको घरमुलीहरू सडकबाट पश्चिम १) निरा राई २) देवी कुमार राई र पूर्वतर्फ १) भोला खड्का २) सुनिल खड्का ३) कुमार खड्काको घरबाट बिचमा रहेको सडक विस्तार गर्ने क्रममा हाल प्रचलित सडकको केन्द्रबाट पूर्व पश्चिम बराबर क्षेत्रफलमा विस्तार गर्नुपर्नेमा पश्चिम तर्फ २ मिटर बढी जग्गा सडक विस्तार भएकोले आगामी दिनमा सडक विस्तार गर्दा पूर्वतर्फ घरधनीको जग्गाबाट विस्तार गर्ने निर्णय गरियो।

विविध ६

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या समाधान आयोगको नगरस्तरीय सहजीकरण समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो।

देहाय

| क्र.स. | नाम/थर | पद | तोकिएको जिम्मेवारी |
|---|---|---|---|
| १ | सुमन्त कोइराला | वडा अध्यक्ष- वडा नं. ११ | संयोजक |
| २ | घमान सिंह खत्री | वडा अध्यक्ष, वडा नं. २ | सदस्य |
| ३ | विमल किंराती | कार्यपालिका सदस्य | सदस्य |

विविध ७

त्रियुगा नगरपालिकाको आर्थिक विकास समितिको सदस्यमा विमल राईको स्थानमा वडा नं. १२ का वडा अध्यक्ष श्री नवीन कुमार वान्तवा राईलाई मनोनयन गर्ने निर्णय गरियो।